# बाढी/पहिरो प्रभावित जिल्लाहरुमा राहत कार्यक्रम संचालन निर्देशिका, २०७४ (पहिलो संशोधन)

नेपाल सरकार (मा.मन्त्रिस्तर), कृषि विकास मन्त्रालयको मिति २०७४।०६।२९ को निर्णयानुसार स्वीकृत ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

कृषि विकास मन्त्रालय

सिंहदरबार, काठमाडौं

**बाढी/पहिरो प्रभावित जिल्लाहरुमा राहत कार्यक्रम संचालन निर्देशिका, २०७४ (पहिलो संशोधन)**

नेपाल सरकार (मन्त्रिस्तर, कृषि विकास मन्त्रालय) को मिति २०७४/०५/१२ मा स्वीकृत **"बाढी/पहिरो प्रभावित जिल्लाहरुमा राहत कार्यक्रम संचालन निर्देशिका, २०७४"** को तपशीलको व्यवस्था सहित पहिलो संशोधन भएको

| पहिले भएको व्यवस्था | संशोधन व्यवस्था |
|---|---|
| ५.६ धानवालीमा टपड्रेसिङका लागि युरिया मल अनुदान कार्यक्रम<br><br>नार्क/माटो व्यवस्थापन निर्देशनालयको सिफारिश बमोजिम धानवालीमा टप ड्रेसिङका लागि तोकिएको लक्ष्य अनुरुपका क्षेत्रफलका लागि कार्यालयले तयार गरेको प्रभावित सूचीका कृषकहरुलाइ समितिको निर्णयका आधारमा क्षतिको एकिन परिमाण अनुसार प्रति हे. तोकिएको युरिया मल पूर्ण अनुदानमा उपलव्ध गराउनेछ ।यस्को लागि आवश्यक युरिया मल कृषि सामग्री कम्पनी लि. ले सम्वन्धित कार्यालयको लक्ष्य बमोजिमको परिमाणमा कार्यालयस्थित वा कार्यालय नजिकको कम्पनीको कार्यालय/डिपोमार्फत उपलव्ध गराउनेछ ।यसवापतको ढुवानी सम्वन्धित कार्यालयले व्यहोर्नेछ। यसरी अनुदानमा उपलव्ध गराइने युरिया मलको थप अनुदान वापतको रकम (अनुदानित रासायनिक मलमा नेपाल सरकारले तोकेको मूल्य वाहेक) कृषि सामग्री कम्पनी लि. लाइ एकमुष्ट मन्त्रालयले उपलव्ध गराउनेछ । | ५.६ धान तथा गहुँवालीमा टपड्रेसिङका लागि युरिया मल अनुदान कार्यक्रम<br><br>नार्क/माटो व्यवस्थापन निर्देशनालयको सिफारिश बमोजिम धान तथा गहुँवालीमा टप ड्रेसिङका लागि तोकिएको लक्ष्य अनुरुपका क्षेत्रफलका लागि कार्यालयले तयार गरेको प्रभावित सूचीका कृषकहरुलाइ समितिको निर्णयका आधारमा क्षतिको एकिन परिमाण अनुसार प्रति हे. तोकिएको युरिया मल पूर्ण अनुदानमा उपलव्ध गराउनेछ ।यस्को लागि आवश्यक युरिया मल साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. ले सम्वन्धित कार्यालयको लक्ष्य बमोजिमको परिमाणमा कार्यालयस्थित वा कार्यालय नजिकको कर्पोरेशनको कार्यालय/डिपोमार्फत उपलव्ध गराउनेछ ।यसवापतको ढुवानी सम्वन्धित कार्यालयले व्यहोर्नेछ। यसरी अनुदानमा उपलव्ध गराइने युरिया मलको थप अनुदान वापतको रकम (अनुदानित रासायनिक मलमा नेपाल सरकारले तोकेको मूल्य वाहेक) साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. लाइ एकमुष्ट मन्त्रालयले उपलव्ध गराउनेछ । |

कृषि विकास मन्त्री

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

# बाढी/पहिरो प्रभावित जिल्लाहरुमा राहत कार्यक्रम संचालन निर्देशिका, २०७४

## पृष्ठभूमि

श्रावण महिनाको अन्तिम हप्ता आएको बाढी/पहिरोले मुलुकभर ठूलो धनजनको क्षति भएको छ । कृषि क्षेत्रमा मात्र करिव ६ अर्व रुपैयाको क्षति पुगेको प्रारम्भिक अनुमान गरिएको छ, ३० जिल्लाहरु प्रभावित भएका छन् भने सोमध्ये १३ वटा कार्यालयहरु अति प्रभावित छन् । बाढीवाट प्रभावित अधिकांश जिल्लाहरु अन्न भण्डारको रुपमा रहेका तराइका रहेका छन् भने क्षति पुगेका मुख्य बालीहरुमा धान, तरकारी, माछा लगायत रहेका छन्। बाढीको कारण उर्वर माटो वगेको छ, माछापोखरीहरु भत्केका छन् भने बजार लगायत सिंचाइका पूर्वाधारहरुमा समेत उल्लेख्य क्षति पुगेको सन्दर्भमा प्रभावित जिल्लाका कृषकहरुलाइ राहत दिने एवं क्षति पुगेका पूर्वाधारहरु मर्मत गरी कृषि क्षेत्रमा पुगेको क्षतिको पूर्ति गर्दै प्रभावित क्षेत्रमा कृषि विकासका कार्यक्रमहरुलाइ पूर्ववत सञ्चालनको वातावरण बनाउनु अति आवश्यक भएको सन्दर्भमा प्रभावित ३० जिल्लामा राहतका कृषि विकास कार्यक्रमहरु संचालनका सम्वन्धमा गृह मन्त्रालय र अर्थ मन्त्रालयको परिपत्र समेतको आधारमा सम्वन्धित जिल्ला कृषि विकास कार्यालयहरुवाट सम्वन्धित क्षेत्रीय कृषि निर्देशनालयहरुमार्फत पेश गरेको क्षतिको विवरण तथा राहत कार्यक्रमलाइ मध्यनजर गर्दै कृषि विभागवाट प्रस्ताव भइ स्वीकृतिका लागि प्रस्ताव गरिएका राहत कार्यक्रमहरु संचालनका लागि कृषि विकास मन्त्रालयले यो निर्देशिका स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः १.१ यस निर्देशिकाको नाम "बाढी/पहिरो प्रभावित जिल्लाहरुमा राहत कार्यक्रम संचालन निर्देशिका, २०७४" रहेको छ ।

१.२ यो निर्देशिका स्वीकृत भएको मितिवाट राहत कार्यक्रम संचालन हुने जिल्लाहरुमा लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क) "मन्त्रालय" भन्नाले कृषि विकास मन्त्रालयलाई सम्झनु पर्दछ ।

सचिव

कृषि विकास मन्त्री

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

ख) "कार्यालय" भन्नाले यस निर्देशिका अनुरुप राहत कार्यक्रम संचालन गर्ने सम्वन्धित जिल्ला कृषि विकास कार्यालय सम्झनु पर्दछ ।

ग) "स्थानीय तह" भन्नाले यस निर्देशिका अनुरुप राहत कार्यक्रम संचालनमा सहयोग गर्ने सम्वन्धित स्थानीय तह सम्झनु पर्दछ ।

घ) "समिति" भन्नाले जिल्लास्तरमा रहेको **जिल्ला दैवी प्रकोप उद्दार समिति** सम्झनु पर्दछ ।

ङ) "नार्क" भन्नाले नेपाल कृषि अनुसन्धान परिषद् सम्झनु पर्दछ ।

च) "प्रांगारिक मल" भन्नाले नेपालमा उत्पादन भइ **"प्रांगारिक तथा जैविक मल नियमन निर्देशिका २०६८ (संशोधन सहित)"** अनुरुप दर्ता भएका प्रांगारिक मलहरु सम्झनु पर्दछ ।

## परिच्छेद २

## कार्यक्रमको उद्देश्य

कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्

३.१ प्रभावित क्षेत्रका कृषकहरुलाइ राहत दिने ।

३.२ प्रभावित क्षेत्रमा बाढीले क्षति पुर्याएका सिंचाइ लगायतका पूर्वाधारहरुको मर्मत सम्भारमा सहयोग पुर्याउने ।

३.३ प्रभावित कार्यालयहरुमा कृषि विकासका कार्यक्रमहरुलाइ पूर्ववत संचालनको वातावरण सिर्जना गर्न सहयोग गर्ने ।

## परिच्छेद ३

## कार्यक्रम संचालन सम्वन्धि प्रक्रिया

४.१ यस निर्देशिका अनुसार संचालन गरिने राहत कार्यक्रमहरु मुख्यतया सम्वन्धित जिल्ला कृषि विकास कार्यालयहरुमार्फत संचालन हुनेछन् । सम्वन्धित कार्यालयहरुले सम्वन्धित स्थानीय तह समेतको सहयोगमा प्रभावित कृषकहरु, क्षतिग्रस्त बाली र सो को क्षेत्रफल, क्षतिग्रस्त माछापोखरी, सिंचाइ तथा बजार पूर्वाधार लगायतको विवरण अद्यावधिक गरी सो को आधारमा संचालन गरिने राहतका कार्यक्रमहरु समानुपातिक रुपमा संचालन गर्नेछन् ।

कृषि विकास मन्त्री

सचिव

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

४.२ राहत कार्यक्रमहरु संचालन सम्वन्धी निर्णयहरु सम्वन्धित कार्यक्रमहरुमा उल्लेख भए बमोजिम जिल्ला दैवी प्रकोप उद्दार समितिवाट हुनेछ ।

४.३ सम्वन्धित कार्यालयहरुले सम्वन्धित स्थानीय तह समेतको सहयोगमा LMBIS मा प्रविष्ट भए अनुरुपका आ-आफ्ना कार्यालयका कार्यक्रमहरु परिच्छेद ४ बमोजिमको विधि अपनाइ संचालन गर्नेछन् ।

४.४ अनुदानमा उपलव्ध गराइने रकम सम्वन्धित कार्यालयले सम्वन्धित कार्यक्रमहरुमा उल्लेख भए बमोजिम सम्वन्धित कृषक/व्यवसायी/कृषक समुह/सहकारीको खातामा नै पठाउने व्यवस्था गर्नेछ ।

## परिच्छेद ४

## राहतमा संचालन हुने कार्यक्रमहरु र संचालन विधि

### ५.१ तरकारी वीउ वितरण

कार्यालयहरुले तत्काल लगाउने सकिने एवं आवश्यकता अनुसारका तरकारीका हाइब्रिड तथा Open Pollinated जातका वीउहरुको सेट प्रभावित कृषकहरुलाइ नि:शुल्क उपलव्ध गराउने छन् । प्रति सेट अनुदान रकम रु. ५००/- हुनेछ । यस्का लागि आवश्यक वीउ खरिद राष्ट्रिय वीउ विजन कम्पनी लि. र कम्पनीले तोकेका डिलरहरु र नार्क अन्तरगतका फार्म केन्द्रहरुवाट हुनेछ । ती निकायहरुवाट तोकिएको परिमाणमा वीउविजन उपलव्ध हुन नसक्ने लिखित जानकारी प्राप्त भएमा मात्र नियमानुसार निजी क्षेत्रवाट वीउ खरिद गर्न सकिनेछ ।

### ५.२ तरकारी वेर्ना वितरण

कार्यालयहरुले तोकिएका लक्ष्य संख्याका तरकारी वेर्नाहरु नेपाल सरकार अन्तरगतका फार्म केन्द्रहरुमा उपलव्ध भएमा सोही फार्म केन्द्रहरुवाट र फार्म केन्द्रहरुमा उपलव्ध नभएमा निजी नर्सरीहरुवाट तोकिएको मूल्यमा नियमानुसार खरिद गरी प्रभावित कृषकहरुलाइ प्राथमिकताका आधारमा उपलव्ध गराउने छन् ।

### ५.३ मत्स्यपोखरी मर्मत सुधार

बाढिपहिरोले क्षति पुर्याएका मत्स्यपोखरीहरुको मर्मत सम्भारका लागि स्थलगत निरीक्षण समेतका आधारमा क्षति पुगेका मत्स्य पोखरीको क्षेत्रफल र सम्वन्धित कृषक/व्यवसायीहरुको प्रारम्भिक सूची सम्वन्धित

सचिव

कृषि विकास मन्त्री

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

कार्यालयले तयार पारी समितिवाट अन्तिम निर्णय भए बमोजिम प्रभावित कृषकहरुको पोखरी मर्मतका लागि प्रति हेक्टर बढीमा रु. ५० हजारसम्म प्रभावित कृषकहरुलाइ कार्यालयले स्थलगत रुपमा खटाउने टोलीले निरीक्षण पश्चात नियमानुसार कार्यसम्पन्न प्रतिवेदनका आधारमा सम्वन्धित कृषकको खातामा उपलव्ध गराउनेछ ।मत्स्यपोखरी मर्मत सुधारको प्राविधिक पक्षमा मत्स्य विकास निर्देशनालयले सहयोग पुर्याउनेछ ।

### ५.४ माछाभुरा वितरण

मत्स्यपोखरीको मर्मत सुधारपश्चात सुधारिएका पोखरीहरुका लागि आवश्यक माछाभुराहरु सम्वन्धित कार्यालयहरुले मत्स्य विकास निर्देशनालयले तोकेको मत्स्य विकास केन्द्र एवं निजी क्षेत्रका नर्सरीहरुवाट तोकिएको दरमा नियमानुसार खरिद गरी प्रभावित मत्स्य कृषक/व्यवसायीहरुलाइ नि:शुल्क उपलव्ध गराउनेछ ।

### ५.५ माछापोखरी सुधारका लागि चून वितरण

सम्वन्धित कार्यालयले क्षति पुगेका मत्स्यपोखरीहरुको स्थलगत निरीक्षणका आधारमा क्षति पुगेका मत्स्य पोखरीको सुधारका लागि आवश्यक ठहर्याएको पोखरीहरुका लागि आवश्यक परिमाण र कार्यालयलाइ प्राप्त लक्ष्य समेतका आधारमा तोकिएको दरले हुन आउने रकम सम्वन्धित मत्स्यपालक कृषक/व्यवसायीले खरिद गरी प्रयोग गरेको एकिन भएको आधारमा सम्वन्धितको खातामा सो वापतको रकम उपलव्ध गराउनेछ ।

### ५.६ धानवालीमा टपड्रेसिङका लागि युरिया मल अनुदान कार्यक्रम

नार्क/माटो व्यवस्थापन निर्देशनालयको सिफारिश बमोजिम धानवालीमा टप ड्रेसिङका लागि तोकिएको लक्ष्य अनुरुपका क्षेत्रफलका लागि कार्यालयले तयार गरेको प्रभावित सूचीका कृषकहरुलाइ समितिको निर्णयका आधारमा क्षतिको एकिन परिमाण अनुसार प्रति हे. तोकिएको युरिया मल पूर्ण अनुदानमा उपलव्ध गराउनेछ ।यस्को लागि आवश्यक युरिया मल कृषि सामग्री कम्पनी लि. ले सम्वन्धित कार्यालयको लक्ष्य बमोजिमको परिमाणमा कार्यालयस्थित वा कार्यालय नजिकको कम्पनीको कार्यालय/डिपोमार्फत उपलव्ध गराउनेछ ।यसवापतको ढुवानी सम्वन्धित कार्यालयले व्यहोर्नेछ। यसरी अनुदानमा उपलव्ध गराइने युरिया मलको थप अनुदान वापतको रकम (अनुदानित रासायनिक मलमा नेपाल सरकारले तोकेको मूल्य वाहेक) कृषि सामग्री कम्पनी लि. लाइ एकमुष्ट मन्त्रालयले उपलव्ध गराउनेछ ।

४

कृषि विकास मन्त्री

सचिव

यसरी अनुदानमा उपलव्ध गराइने युरिया मल तोकिएको कृषकको तोकिएको बालीमा प्रयोग भए नभएको तथा दुरुपयोग भए नभएको सम्वन्धमा सम्वन्धित कार्यालयले अनुगमन गर्नेछ ।

सम्वन्धित कृषकहरुलाइ आवश्यक परिमाणमा मात्र युरिया मल उपलव्ध गराउनुपर्नेछ । कार्यालयलाइ तोकिएको लक्ष्य अनुसारको सवै युरिया मल वितरण गर्नैपर्छ भन्ने छैन। नार्क/माटो व्यवस्थापन निर्देशनालको सिफारिश बमोजिम प्रभावित कृषकको धानवालीमा टपड्रेसिंङका लागि मात्र चाहिने परिमाणमा युरिया मल उपलव्ध गराउनु पर्नेछ ।

**५.७ प्रांगारिक मल अनुदान कार्यक्रम**

नार्क/माटो व्यवस्थापन निर्देशनालयको सिफारिश बमोजिम तोकिएको लक्ष्य अनुरुपका क्षेत्रफलका लागि कार्यालयले तयार गरेको प्रभावित सूचीका कृषकहरुलाइ समितिको निर्णयका आधारमा मन्त्रालयमा नियमानुसार दर्ता भएका प्रांगारिक मल उत्पादकहरुवाट कृषि सामग्री कम्पनी लि.ले गत आ.व.मा खरिदका लागि स्वीकृत गरेको दररेटमा नवढ्ने गरि खरिद मूल्यको ७५ प्रतिशत अनुदानमा क्षतिको एकिन परिमाण अनुसार प्रति हे. आवश्यक पर्ने प्रांगारिक मल उपलव्ध गराउनेछ ।

समितिको निर्णय र कृषकहरुको माग अनुसार कृषकहरुले २५ प्रतिशत रकम वापत हुन आउने रकम जम्मा भएपश्चात प्रक्रिया पुर्याइ, नेपाल सरकारवाट स्वीकृत "**प्रांगारिक तथा जैविक मल नियमन निर्देशिका २०६८ (संशोधन सहित)**"अनुसारको गुणस्तर कायम हुने गरि कार्यालयले आवश्यक परिमाणमा खरिद गरि उल्लिखित परिमाणमा सम्वन्धित कृषकहरुलाइ उपलव्ध गराउनेछ । यसरी प्रांगारिक मलको व्यवस्थापन गर्दा "प्रांगारिक तथा जैविक मल नियमन निर्देशिका २०६८ (संशोधन सहित)" मा उल्लेख भए बमोजिम सवै खालका मलहरु कृषकको माग समेतको आधारमा "प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनातर्फ विनियोजितबाट कृषि सामग्री कम्पनी लि. मार्फत खरिद एवं विक्री वितरण हुने प्रांगारिक मल अनुदान निर्देशिका, २०७३" को दफा ८ मा व्यवस्था भए बमोजिम साधारणतया धुलो प्रांगारिक मल ६० प्रतिशत, भर्मिकम्पोष्ट ३० प्रतिशत र दानादर १० प्रतिशतको अनुपातमा समावेश गर्नुपर्नेछ ।

प्रक्रिया अनुसार सूचिकृत भएका प्रांगारिक मल आपूर्तिकर्ताहरुमध्ये सवैभन्दा कम दररेट हुनेको मल कारखाना/गोदामवाट सम्वन्धित कार्यालयको मल निरीक्षकले मलको नमुना संकलन गरि माटो व्यवस्थापन



कृषि विकास मन्त्री

सचिव

निर्देशनालय वा नजिकको माटो परिक्षण प्रयोगशालामा परिक्षण गराइ निर्देशिका बमोजिमको मापदण्ड पुगेको खण्डमा मात्र खरिद सम्झौता गरि मल आपूर्तिको लागि कार्यालयले आदेश दिनेछ ।यसरी छानिएको आपूर्तिकर्ताले तोकिएको परिमाणको मल ढुवानी गरि सम्वन्धित कार्यालयले तोकेको स्थानसम्म पुर्याउनेछ। यसरी पुर्याइएको मलको उपरोक्तानुसारकै प्रक्रिया बमोजिम परिक्षण गर्दा निर्देशिकाले तोकेबमोजिमको मापदण्ड पुरा भएमा मात्र मल कृषकहरुलाइ वितरण गरिनेछ । मल वितरण कार्य समाप्त भएपछि मात्र कृषकहरुसंग जम्मा गरिएको २५ प्रतिशत र नेपाल सरकारले उपलव्ध गराउने ७५ प्रतिशत अनुदान रकम सहित भुक्तानी गरिनेछ । कार्यालयले तोकेको ठाँउसम्म ढुवानी गरेवापतको रकम कार्यालयले यस कार्यका लागि रकम उपलव्ध भए यसैवाट अन्यथा व्यवस्थापन खर्चवाट उपलव्ध गराउनेछ । उक्त स्थानवाट कृषकले आफ्नै खर्चमा आफ्नो खेतवारीसम्म पुर्याउनुपर्नेछ ।

प्रक्रिया बमोजिम छानिएको मल आपूर्तिकर्ताको मल सम्वन्धित कार्यालयमा पुगेपछि परीक्षण गर्दा निर्देशिका बमोजिमको मापदण्ड पुरा नभएको पाइएमा उक्त मल सम्वन्धित आपूर्तिकर्ताले नै फिर्ता लिनुपर्नेछ । त्यस्तो अवस्थामा माथिकै प्रक्रिया अनुसार दोश्रो स्थानमा रहेको आपूर्तिकर्तासंग खरिद प्रक्रिया यसै बमोजिम अघि बढाइनेछ ।

साथै, यसरी कृषकहरुलाइ उपलव्ध गराइएको मल सम्वन्धित कृषकले प्रयोग गरे नगरेकोवारे कार्यालयले अनुगमन निरीक्षण गर्नेछ ।

### ५.८ बजार पूर्वाधार मर्मत तथा निर्माण

क्षति पुगेका कृषि उपज बजारस्थलहरुको मर्मत सम्भार एवं नयाँ बजारस्थल निर्माणका लागि कार्यालयले तयार पारेको क्षतिग्रस्त बजारस्थल एवं नयाँ निर्माण गर्न प्रस्तावित बजारस्थलको सूचीको प्राथमिकीकरणका आधारमा समितिको निर्णयबमोजिम कार्य अगाडि बढाइनेछ । यसका लागि तोकिएको दररेटमा घटाघट हुने गरि सम्वन्धित बजार व्यवस्थापन समिति/कृषक समुह/सहकारीरुवाट दररेट माग गरी कार्यालयले छानिएका बजार व्यवस्थापन समिति/कृषक समुह/सहकारीरुमार्फत बजारस्थल मर्मत तथा नयाँ बजारस्थल निर्माण कार्य सम्पन्न गराउनेछ ।र, स्थलगत निरीक्षण एवं कार्यसम्पन्न प्रतिवेदनका आधारमा सम्वन्धितको खातामा नै यस वापतको रकम उपलव्ध गराइनेछ ।

कृषि विकास मन्त्री

सचिव

मर्मतका लागि प्रति बजारस्थल बढीमा रु. २ लाख ५० हजार र नयाँ बजार निर्माणका लागि प्रति बजारस्थल रु.१५ लाख सम्म संरचनामा लगानी गरिनेछ । बजारस्थल निर्माणका लागि आवश्यक जग्गा लगायतका सम्वन्धमा कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालयको सम्वन्धित निर्देशिका बमोजिम नै हुनेछ ।

### ५.९ सिंचाइ पूर्वाधार (Misting) सहितको हाइटेक नर्सरी निर्माण

जिल्लाको आवश्यकता अनुरुपको तरकारी वालीको वेर्ना उत्पादनका लागि सिंचाइ पूर्वाधार सहितको न्यूनतम २५० वर्ग मिटर साइजको Open ventilated नर्सरी निर्माणका लागि कृषक/कृषक समुह/सहकारी/व्यवसायीले सम्वन्धित कार्यालयमा प्रस्ताव पेश गर्नेछन् ।यस कार्यका लागि प्राविधिक मापदण्ड लगायतका विषयहरुमा तरकारी विकास निर्देशनालयले आवश्यक सहयोग पुर्याउनेछ । ती प्रस्तावहरुमध्ये प्रभावित क्षेत्र अनुसार प्राथमिकताका आधारमा कार्यालयले तयार गरेको सूचीका आधारमा समितिवाट निर्णय भए बमोजिम सम्वन्धितलाइ यस कार्य संचालनका लागि कार्यदिश दिइनेछ । स्थलगत निरीक्षणवाट कार्यसम्पन्न भएको प्रतिवेदन तथा विल भरपाइका आधारमा सम्वन्धितको खातामा नै कूल लागतको ७५ प्रतिशत हुन आउने रकम जम्मा गरिनेछ। यसरी जम्मा गरिने रकम अधिकतम ९ लाख रुपैयासम्म हुनेछ ।

### ५.१० खेत सुधार कार्यक्रम

बाढीका कारण बालुवा पसेको धानखेतलाइ सुधारका लागि कार्यालयले तयार पारेको प्रभावित कृषकहरुको क्षतिग्रस्त खेतको क्षेत्रफलका लागि समितिको निर्णय बमोजिम अनुगमन तथा कार्यसम्पन्नका आधारमा प्रति हेक्टर रु. ५०००/- का दरले अनुदान वापत सम्वन्धित कृषकको खातामा नै उपलव्ध गराइनेछ ।

### ५.११ संचित खाद्यान्न भण्डारण सामग्री अनुदान कार्यक्रम

#### ५.११.१ हर्मेटिक व्याग वितरण

कार्यालयले तयार गरेको प्रभावित सूचीका कृषकहरुलाइ समितिको निर्णयका आधारमा देहायबमोजिम न्यूनतम मापदण्ड पुगेका आपूर्तिकर्तावाट हर्मेटिक व्यागहरु कार्यालयले प्रक्रिया पुर्याइ खरिद गरी प्रभावित कृषकहरुलाइ तोकिएको संख्यामा नि:शुल्क उपलव्ध गराउनेछ ।

७

कृषि विकास मन्त्री

सचिव

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

**Inside bag (Liner)**

Capacity- 50- 80 Kg

Thickness- Minimum 65 Micron

Length- Minimum 100 cm

Width- Minimum 65 cm

Oxygen Transmission Rate (OTR)- Maximum 230 cc/sq.m/day

Water Vapor Transmission Rate (WVTR)- Maximum 5.3 g/sq.m/day

**Outside bag (Ordinary)**

Compatible with inner bag

Inside bag must fit with outer bag

Capacity- Maximum 80 Kg

यसरी अनुदानमा उपलव्ध गराइएको सामग्रीको उचित प्रयोग भए नभएको वारे कार्यालयले अनुगमन निरीक्षण गर्नेछ ।

## ५.११.२ सीड विन वितरण

कार्यालयले तयार गरेको प्रभावित सूचीका कृषकहरुलाइ समितिको निर्णयका आधारमा तोकिएको परिमाणमा १९६ के.जी क्षमताका सीड विनहरु कार्यालयले प्रक्रिया पुर्याइ खरिद गरी प्रभावित कृषकहरुलाइ तोकिएको संख्यामा नि:शुल्क उपलव्ध गराउनेछ । यसरी अनुदानमा उपलव्ध गराइएको सामग्रीको उचित प्रयोग भए नभएको वारे कार्यालयले अनुगमन निरीक्षण गर्नेछ ।

## ५.११.३ कोकुन व्याग वितरण

कार्यालयले तयार गरेको प्रभावित सूचीका कृषकहरुलाइ समितिको निर्णयका आधारमा तोकिएको परिमाणमा १००० के.जी क्षमताका कोकुन व्यागहरु कार्यालयले प्रक्रिया पुर्याइ खरिद गरी प्रभावित कृषकहरुलाइ तोकिएको संख्यामा नि:शुल्क उपलव्ध गराउनेछ । यसरी अनुदानमा उपलव्ध गराइएको सामग्रीको उचित प्रयोग भए नभएको वारे कार्यालयले अनुगमन निरीक्षण गर्नेछ ।

## ५.१२ Soil Conditioner तथा Micronutrient अनुदानमा उपलव्ध गराउने

सम्वन्धित कार्यालयले कृषि विकास मन्त्रालयवाट Soil Conditioner को लागि सोही विधामा तथा /Micronutrient को लागि सोही विधामा आयात अनुमती प्राप्त आयातकर्ताहरुमार्फत स्वीकृत कार्यक्रमको

कृषि विकास मन्त्री

सचिव

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

अधिनमा रही नियमानुसार खरिद गरी कार्यालयले तयार गरेको प्रभावित सूचीका कृषकहरुलाइ समितिको निर्णय एवं मागका आधारमा कृषकहरुलाइ **Soil Conditioner** तथा **Micronutrient** तोकिएको परिमाणमा निशुल्क उपलव्ध गराउने छन् । यसरी अनुदानमा उपलव्ध गराइएको **Soil Conditioner** तथा **Micronutrient** को उचित प्रयोग भए नभएको वारे कार्यालयले अनुगमन निरीक्षण गर्नेछ ।

### ५.१३ प्लाण्ट क्लिनिक संचालन सहयोग कार्यक्रम

बाली संरक्षण निर्देशनालयको प्रचलित नर्मस अनुसार नै यी कार्यक्रमहरु सम्वन्धित कार्यालयले संचालन गर्नेछन् ।यस कार्यक्रम अन्तरगत कार्यालयले प्लाण्ट डाक्टरको सिफारिश अनुसार आवश्यक विषादीहरु प्रभावित कृषकहरुलाइ प्राथमिकताका आधारमा नि:शुल्क वितरण गर्नेछ। कार्यालयमा प्लाण्ट डाक्टर उपलव्ध नभएमा बाली संरक्षण निर्देशनालयले आवश्यक सहयोग पुर्याउनेछ ।

### ५.१४ भकारो सुधार कार्यक्रम

कार्यालयले तयार गरेको प्रभावित सूचीका कृषकहरुलाइ समितिको निर्णयका आधारमा तोकिएको संख्यामा भकारो सुधारको लागि प्रचलित नर्मस अनुसारको रकम स्थलगत निरीक्षण तथा कार्यसम्पन्न प्रतिवेदनका आधारमा सम्वन्धितको खातामा नै यस वापतको रकम जम्मा गरिनेछ ।

### ५.१५ बगर खेतीको लागि वीउ तथा पम्पसेट अनुदान कार्यक्रम

बगरमा लगाइने जिल्ला अनुसारका सम्भाव्य तरकारी बालीहरुको वीउहरुको सेट तयार गरी सम्वन्धित कार्यालयले प्रभावित कृषकहरुलाइ प्राथमिकता र मागका आधारमा समितिको निर्णय बमोजिम तोकिएको संख्यमा वीउ सेट उपलव्ध गराउनेछ ।

साथै, एकै बगरमा खेती गर्ने कृषकहरुलाइ १०-१५ जनाको समुह बनाइ लक्ष्य तथा मागका आधारमा प्राथमिकीकरण गरी समितिको निर्णय बमोजिम प्रति समुह स्थलगत निरीक्षणवाट प्राप्त कार्य सम्पन्न प्रतिवेदनको आधारमा प्रति समुह १ पम्पसेट (२०० मिटरको डेलिभरी पाइप सहित) बरावर ३० हजार रकम सम्वन्धित समुहको खातामा नै उपलव्ध गराइनेछ ।

कृषि विकास मन्त्री

सचिव

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

## ५.१६ वीउ अनुदान कार्यक्रम

### ५.१६.१ धानवाली वीउ अनुदान

आगामी चैते धान र मुख्य सिजनको धानका लागि कार्यालयले तयार गरेको प्रभावित सूचीका कृषकहरुलाइ समितिको निर्णयका आधारमा तोकिएको परिमाणमा गुणस्तरीय धानका उन्नत जातका वीउ अनुदानमा उपलव्ध गराउनेछ ।यस्का लागि आवश्यक वीउ खरिद राष्ट्रिय वीउ विजन कम्पनी लि. र कम्पनीले तोकेका डिलरहरु र नार्क अन्तरगतका फार्म केन्द्रहरुवाट हुनेछ । ती निकायहरुवाट तोकिएको परिमाणमा वीउविजन उपलव्ध हुन नसक्ने लिखित जानकारी प्राप्त भएमा मात्र नियमानुसार निजी क्षेत्रवाट वीउ खरिद गर्न सकिनेछ । यसरी अनुदानमा उपलव्ध गराइएको वीउको उचित प्रयोग भए नभएको वारे कार्यालयले अनुगमन निरीक्षण गर्नेछ ।

### ५.१६.२ गहुँवाली वीउ अनुदान

आगामी गहुँवाली लागि कार्यालयले तयार गरेको प्रभावित सूचीका कृषकहरुलाइ समितिको निर्णयका आधारमा तोकिएको परिमाणमा गुणस्तरीय गहुँका उन्नत जातका वीउ अनुदानमा उपलव्ध गराउनेछ । । यस्का लागि आवश्यक वीउ खरिद राष्ट्रिय वीउ विजन कम्पनी लि. र कम्पनीले तोकेका डिलरहरु र नार्क अन्तरगतका फार्म केन्द्रहरुवाट हुनेछ । ती निकायहरुवाट तोकिएको परिमाणमा वीउविजन उपलव्ध हुन नसक्ने लिखित जानकारी प्राप्त भएमा मात्र नियमानुसार निजी क्षेत्रवाट वीउ खरिद गर्न सकिनेछ ।यसरी अनुदानमा उपलव्ध गराइएको वीउको उचित प्रयोग भए नभएको वारे कार्यालयले अनुगमन निरीक्षण गर्नेछ ।

### ५.१६.३ दलहनबाली वीउ अनुदान

स्थानीय आवश्यकता अनुसारका दलहनबालीको वीउका लागि कार्यालयले तयार गरेको प्रभावित सूचीका कृषकहरुलाइ समितिको निर्णयका आधारमा नियमानुसार खरिद गरि तोकिएको परिमाणमा गुणस्तरीय दलहन बालीका उन्नत जातका वीउ अनुदानमा उपलव्ध गराउनेछ । यस्का लागि आवश्यक वीउ खरिद राष्ट्रिय वीउ विजन कम्पनी लि. र कम्पनीले तोकेका डिलरहरु र नार्क अन्तरगतका फार्म केन्द्रहरुवाट हुनेछ । ती निकायहरुवाट तोकिएको परिमाणमा वीउविजन उपलव्ध हुन नसक्ने लिखित जानकारी प्राप्त भएमा मात्र



कृषि विकास मन्त्री

सचिव

नियमानुसार निजी क्षेत्रवाट वीउ खरिद गर्न सकिनेछ ।यसरी अनुदानमा उपलव्ध गराइएको वीउको उचित प्रयोग भए नभएको वारे कार्यालयले अनुगमन निरीक्षण गर्नेछ ।

### ५.१६.४ मकैबाली वीउ अनुदान

कार्यालयले तयार गरेको प्रभावित सूचीका कृषकहरुलाइ समितिको निर्णयका आधारमा नियमानुसार खरिद गरि तोकिएको परिमाणमा गुणस्तरीय मकै बालीका हाइब्रिड जातका वीउ अनुदानमा उपलव्ध गराउनेछ ।यस्का लागि आवश्यक वीउ खरिद राष्ट्रिय वीउ विजन कम्पनी लि. र कम्पनीले तोकेका डिलरहरु र नार्क अन्तरगतका फार्म केन्द्रहरुवाट हुनेछ । ती निकायहरुवाट तोकिएको परिमाणमा वीउविजन उपलव्ध हुन नसक्ने लिखित जानकारी प्राप्त भएमा मात्र नियमानुसार निजी क्षेत्रवाट वीउ खरिद गर्न सकिनेछ । यसरी अनुदानमा उपलव्ध गराइएको वीउको उचित प्रयोग भए नभएको वारे कार्यालयले अनुगमन निरीक्षण गर्नेछ ।

### ५.१६.५ तेलहनली वीउ अनुदान

स्थानीय आवश्यकता अनुसारका तेलहनबालीको वीउका लागि कार्यालयले तयार गरेको प्रभावित सूचीका कृषकहरुलाइ समितिको निर्णयका आधारमा नियमानुसार खरिद गरि तोकिएको परिमाणमा गुणस्तरीय तेलहन बालीका उन्नत जातका वीउ अनुदानमा उपलव्ध गराउनेछ ।यस्का लागि आवश्यक वीउ खरिद राष्ट्रिय वीउ विजन कम्पनी लि. र कम्पनीले तोकेका डिलरहरु र नार्क अन्तरगतका फार्म केन्द्रहरुवाट हुनेछ । ती निकायहरुवाट तोकिएको परिमाणमा वीउविजन उपलव्ध हुन नसक्ने लिखित जानकारी प्राप्त भएमा मात्र नियमानुसार निजी क्षेत्रवाट वीउ खरिद गर्न सकिनेछ ।यसरी अनुदानमा उपलव्ध गराइएको वीउको उचित प्रयोग भए नभएको वारे कार्यालयले अनुगमन निरीक्षण गर्नेछ ।

### ५.१७ आकस्मिक बाली संरक्षण सेवा कार्यक्रम

आकस्मिक बाली संरक्षण कार्यक्रमको हाल विद्यमान नर्मस अनुसार सम्वन्धित कार्यालयले यो कार्यक्रम आवश्यकता अनुसार संचालन गर्नेछ ।सो को लागि आवश्यक प्राविधिक पृष्टपोषण बाली संरक्षण निर्देशनालय र क्षेत्रीय वाली संरक्षण प्रयोगशालाहरुवाट उपलव्ध गराइनेछ ।

कृषि विकास मन्त्री

सचिव

नेपाल सरकार
कृषि विकास मन्त्रालय

## ५.१८ क्षतिग्रस्त निजी फलफूल/तरकारी नर्सरी पुनर्स्थापनामा अनुदान सहयोग

क्षतिग्रस्त निजी नर्सरीहरुलाइ क्षति पुगेको नर्सरीको कार्यालयवाट हुने स्थलगत निरीक्षणवाट सिफारिश तथा समितिको निर्णय बमोजिम बढिमा रु. ५० हजारसम्म सहयोग रकम कार्यसम्पन्नका आधारमा सम्वन्धित नर्सरीधनीको खातामा रकम उपलव्ध गराइनेछ ।यसरी उपलव्ध गराइएको रकम सदुपयोग भए नभएको तथा तोकिएको कार्यक्रम संचालन भए नभएको वारे कार्यालयले अनुगमन निरीक्षण गर्नेछ ।

## ५.१९ फलफूल विरुवा वितरण

फलफूल विकास निर्देशनालयले तोकेको श्रोतकेन्द्रहरुवाट कार्यालयहरुले तोकिएको फलफूलको वेर्नाहरु सरकारी दररेटमा खरिद गरी कार्यालयले तयार गरेको प्रभावित कृषकहरुको सूचीको प्राथमिकीकरण गरी माग बमोजिम समितिको निर्णयका आधारमा तोकिएको संख्यामा अनुदानमा फलफूलका वेर्ना अनुदानमा वितरण गर्नेछन् ।

## ५.२० क्षतिग्रस्त साना सिंचाइ पूर्वाधारहरु मर्मत सम्भार

बाढिपहिरोले क्षति पुर्याएका साना सिंचाइ पूर्वाधारहरुको मर्मत सम्भारका लागि स्थलगत निरीक्षण समेतका आधारमा क्षति पुगेका र मर्मत गरिनुपर्ने पूर्वाधारहरुको प्रारम्भिक सूची सम्वन्धित कार्यालयले तयार पारी कार्यालय समितिवाट अन्तिम निर्णय भए बमोजिम साना सिंचाइ पूर्वाधार निर्माणमा सम्लग्न सम्वन्धित कृषक समुह/सहकारीलाइ प्रति पूर्वाधार लागत इष्टिमेट तथा स्थलगत निरीक्षणवाट प्रमाणित कार्यसम्पन्न प्रतिवेदनका आधारमा बढीमा रु. १ लाख ५० हजारसम्म रकम सम्वन्धित कृषक समुह/सहकारीको खातामा उपलव्ध गराउनेछ ।

## ५.२१ ढुवानी तथा व्यवस्थापन

रासायनिक मल लगायत अनुदानमा उपलव्ध गराइने विभिन्न सामग्रीहरुको कार्यालयस्तरसम्म ढुवानी तथा व्यवस्थापनका अन्य कार्यक्रमहरु संचालनका लागि आवश्यक रकम यस कार्यक्रमवाट नियमानुसार खर्च हुनेछ ।

सचिव

कृषि विकास मन्त्री

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

## परिच्छेद ५

## अनुगमन निरीक्षण सम्वन्धी व्यवस्था

६.१ यस निर्देशिका अनुसार राहतमा संचालित कार्यक्रमहरुको अनुगमन मुख्यतया सम्वन्धित स्थानीय तहको सहयोग/समन्वयमा सम्वन्धित कार्यालयले गर्नेछ । कार्यालयले स्थानीय आवश्यकताका आधारमा स्थानीय श्रोत साधन परिचालन गरी कार्यालय दैवी प्रकोप उद्दार समितिको समन्वयमा एउटा सानो अनुगमन समिति बनाइ संचालित निर्माण/पुन:निर्माण/मर्मत तथा अनुदानित सामग्रीको प्रयोगको अवस्थावारे अनुगमन गर्ने/गराउने छ।

साथै, क्षेत्रीय कृषि निर्देशनालयहरु, कार्यक्रम निर्देशनालयहरु, कृषि विभाग, कृषि विकास मन्त्रालयले आवश्यकतानुसार अनुगमन तथा निरीक्षण गरी आवश्यक पृष्टपोषण गर्नेछन् ।

६.२ यस निर्देशिका अनुसार संचालन गरिएका कार्यक्रमहरुको समग्र अनुगमन, निरीक्षण तथा पृष्टपोषणका लागि कृषि विभाग अनुगमन, मूल्यांकन तथा व्यवस्थापनका उप-महानिर्देशकको संयोजकत्वमा देहाय अनसारको अनुगमन निरीक्षण समिति गठन गरिनेछ ।

| | |
|---|---|
| उप-महानिर्देशक, अनुगमन, मूल्यांकन तथा व्यवस्थापन, कृषि विभाग | संयोजक |
| कार्यक्रम निर्देशक, तरकारी विकास निर्देशनालय | सदस्य |
| कार्यक्रम निर्देशक, मत्स्य विकास निर्देशनालय | सदस्य |
| कार्यक्रम निर्देशक, फलफूल विकास निर्देशनालय | सदस्य |
| कार्यक्रम निर्देशक, कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय | सदस्य |
| कार्यक्रम निर्देशक, पोष्टहार्भेष्ट व्यवस्थापन निर्देशनालय | सदस्य |
| कार्यक्रम निर्देशक, बाली विकास निर्देशनालय | सदस्य |
| सम्वन्धित क्षेत्रको विभागिय क्षेत्रीय सुपरिवेक्षक | सदस्य |
| सम्वन्धित क्षेत्रको क्षेत्रीय कृषि निर्देशक | सदस्य |
| वरिष्ठ अधिकृत, दैवी प्रकोप तथा राहत व्यवस्थापन शाखा, कृषि विकास मन्त्रालय | सदस्य |



कृषि विकास मन्त्री

सचिव

नेपाल सरकार
कृषि विकास मन्त्रालय

वरिष्ठ कृषि अधिकृत, दैवी प्रकोप तथा राहत व्यवस्थापन शाखा, कृषि विभाग — सदस्य

वरिष्ठ कृषि अर्थविज्ञ, अनुगमन तथा मूल्यांकन शाखा, कृषि विभाग — सदस्य सचिव

समितिले आवश्यकतानुसार सम्वन्धित क्षेत्रका प्रतिनिधीहरुलाइ बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद ६

## विविध

७.१ कसैले यस निर्देशिका अनुरुपको कार्यहरुमा उपलव्ध गराइएको राहतको दुरुपयोग गरेमा नियमानुसार कारवाही गरिनेछ ।

७.२ प्रचलित कानून लागु हुने:- प्रचलित कानूनमा व्यवस्था भएका विषयहरुका सम्वन्धमा सोही बमोजिम र अन्य व्यवस्थका सम्वन्धमा यसै निर्देशिका बमोजिम हुनेछ ।

७.३ अन्तिम व्याख्या :- यस निर्देशिकाको व्याख्यामा कुनै द्विविधा उत्पन्न भएमा कृषि विकास मन्त्रालयको व्याख्या अन्तिम हुनेछ ।

७.३ दफा ६.२ अनुसार गठित अनुगमन निरीक्षण समितिलाइ नियमानुसार बैठक भत्ता उपलव्ध गराइनेछ ।

७.४ खारेजी तथा बचाउ : राहतका कार्यक्रमहरु बाहेक र राहतका कार्यक्रम नरहेका कार्यालयहरुले यस निर्देशिकालाइ आधार मानी कार्यक्रम संचालन गर्न पाउने छैनन् । तर मन्त्रालयको निर्णय अनुरुप यस्तै प्रकृतिको अन्य प्रकोपहरुमा यस निर्देशिकालाइ प्रयोगमा ल्याउन सकिनेछ।

सचिव

कृषि विकास मन्त्री